" दिगो विकास अनुपम संस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री "

# चुमनुब्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिर्दिबास, गोरखा

गण्डकी प्रदेश ,नेपाल

पत्र संख्या :

चलानी नं. :

मिति : २०८०/०४/०२

**सामाजिक सुरक्षा भत्ताका लागि नयाँ नाम दर्ता तथा नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना !!!**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका नागरिकहरुलाई स्थानीय निकाय मार्फत प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता आगामी आर्थिक वर्ष को श्रावण १ गतेदेखि पाउन तपसिलमा उल्लेखित शर्तहरु पालना गरेका यस चुमनुब्री गाउँपालिका क्षेत्र भित्रका योग्य नागरिकहरुले २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सामाजिक सुरक्षा प्राप्त गर्ने बैंक खाताको खाता नम्बर संलग्न गरि सम्बन्धित वडा कार्यालयमा २०८०।०५।२५ गतेभित्र रीतपूर्वक दरखास्त दिनुहुन सूचित गरिन्छ। हाल भत्ता पाइरहेका नागरिकहरुले भत्ता लिन चाहेमा नवीकरणका लागि दरखास्त दिनु पर्नेछ। यो सूचना बमोजिम दर्ता तथा नवीकरणका लागि दरखास्त नदिने नागरिकहरुले २०८० श्रावण महिनादेखि भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ। थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको सामाजिक विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**तपसिल :**

१. ज्येष्ठ नागरिक भत्ताका लागि २०८० असार मसान्त सम्ममा ६८ वर्ष उमेर पुगेको हुनु पर्नेछ। (दलित नागरिकहरुका लागि ६० वर्ष उमेर पुगेको हुनुपर्छ।)

२. एकल महिला भत्ताका लागि २०८० असार मसान्त सम्ममा ६० वर्ष उमेर पुगेको गर्नुपर्छ।

३. विधवा महिलाको हकमा उमेरको हदवन्दी लागू हुने छैन। (विधवाहरुले श्रीमानको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि र नाता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।)

४. अविवाहित वा सम्बन्ध विच्छेद भएका एकल महिलाहरुको हकमा सो सँग सम्बन्धित कागजातहरु पेश गर्नुपर्नेछ।

५. पूर्ण अशक्त तथा अति अशक्त भत्ताका लागि जन्म दर्ता प्रमाण पत्र वा नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अपाङ्गता परिचय पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

६. बाल संरक्षण अनुदानका लागि दलित परिवारका ५ वर्ष मुनिका बालबालिकाहरुको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, बालबालिका र अभिभावकको २, २ प्रति फोटो राख्नुपर्नेछ।

......................

भिमसेन श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

Website: chumanuwrimun.gov.np Email: chumanuwrimun@gmail.com